२०७२ जष्ठ | वष २/अङ्क १२


- दशौं एसिया स्वच्छ ऊर्जा मञ्चमा सहभागिता .........१
- प्रधानमन्त्री दैवि राहत कोषमा सहयोग....२


# एच.आइ.डि.सि.एल. न्यूजलेटर


**HYDROELECTRICITY INVESTMENT & DEVELOPMENT COMPANY LIMITED**

**जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको**

**द्वैमासिक ईपेपर**

*जलविद्युतको विकासबाट समृद्व नेपालको निर्माणमा अघि बढ्दै*


## दशौं एसिया स्वच्छ ऊर्जा मञ्चमा सहभागिता




जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडीसीएल) का प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपक रौनियार १० औं एसिया स्वच्छ ऊर्जा मञ्च (एसीईएफ) को वार्षिक ऊर्जा कार्यक्रममा सहभागी हुनु भयो । कार्यक्रम एसियाली विकास बैंक (एडीबी) , अमेरिकाको अन्तराष्ट्रिय विकास संस्था (यूएसएआईडी), विश्व ऊर्जा परिषद ( डब्ल्यूईसी) र कोरिया ऊर्जा व्यवस्थापन कर्पोरेशन (केमको) को संयुक्त आयोजनामा जुन १५ देखि १९ सम्म फिलिपिन्सको मनिलामा सम्पन्न भएको थियो । ऊर्जा मञ्च ऊर्जा सम्बन्धित ज्ञान आदनप्रदान गर्ने कार्यक्रम हो । मञ्चमा एसियाका अतिकम विकशित मुलुकमा देखिएका ऊर्जा समस्याको प्रस्तुतिकरण र छलफल भएको थियो । मञ्चमा नेतृत्वदायी भुमिका खेल्दै आएका विज्ञ, संस्था एकसाथ आई स्वच्छ ऊर्जाको प्रवर्द्धन, प्रविधि विकास, नीति र वित्तीय व्यवस्थापनका विषयमा छलफल गर्ने महत्वपुर्ण संस्था हो । एसीएफमा ९० देशका १ हजार ५ सय सहभागी र २६० जना वक्ता र स्रोत व्यक्तिको सहभागित थियो । मञ्चले नीति निर्माता, विकासकर्ता, लगानीकर्ता, प्राविधिक विज्ञलाई एक ठाउमा ल्याई स्वच्छ ऊर्जा विकासमा चुनौतिको सामना र अवसरका विषयमा वृहत छलफल गराएको थियो ।

सो अवसरमा एचआईडीसएिलका सीईओ दीपक रौनियारले एडीबीका उच्चअधिकारी डा. विन्दु लोहनी, ब्रुनो कारस्को, डन ल्याबर्ट र विवेक रावसँग भेट गर्नुभएको थियो । बैठक एडीबीले नेपालको उपयुक्त जलविद्युत आयोजनामा लगानी गर्न दिने सहुलियत कर्जा प्राप्तिका विषमा छलफल भएको थियो ।

## भूकम्पबाट बढी प्रभावित सिन्धुपाल्चोकमा राहत सामग्री वितरण



*कम्पनीका कर्मचारी राहत सामग्री वितरण गर्दै*

सामाजिक उतरदायित्व नीति अनुसार एचआईडीसीएले मदन भण्डारी प्रतिष्ठान र मारवाडी सेवा समितिको सहकार्यमा भूकम्पबाट प्रभावित सिन्धुपाल्चोकको विभिन्न गाविसमा खाद्यन र घरायसी सामग्री वितरण गरिएको छ । भूकम्पबाट सिन्धुपाल्चोक बढी प्रभावित भएकाले त्यहाँको अवस्था दयनिय रहेको छ । खाद्यन अर्न्तगत दाल, चामल, नुडल्स, नुन, पानी, ब्ल्याँकेटलगायतका अत्यावश्यक सामाग्री वितरण गरिएको थियो ।

## प्रधानमन्त्री दैवि प्रकोप राहत कोषमा एचआईडीसीएलको १५ लाख

संस्थागत सामाजिक उतरदायित्व नीति अनुसार जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड ( एचआईडीसीएल) ले प्रधानमन्त्री दैवि प्रकोप राहत कोषमा १५ लाख रुपैयाँ सहयोग गरेको छ । गत बैशाख १२ गतेको विनासकारी भूकम्पबाट पीडितलाई सरकारबाट राहत वितरणका लागि गरिएको प्रयत्नमा सहयोग गर्न एचआईडीसीएलले आफनो तर्फबाट सो रकम प्रधानमन्त्री दैविक उद्धार राहत कोषलाई सो रकम हस्तान्तरण गरेको हो । विनासकारी भूकम्पबाट पीडितका लागि उद्धार र राहतका लागि सरकारले कोष गठन गरेको थियो ।

## जोखिम मूल्याँकन सेल गठन

जलविद्युत् लगानी तथा तथा विकास कम्पनी लिमिटेड (एचआईडीसीएल) ले दुई जलविद्युत् आयोजनाको जोखिम मूल्याँकन गर्न एक सेल गठन गरको छ । सेलले रामेछाप जिल्लामा रहेको ५१.४ मेगावाट क्षमताको लिखु १ र २४.२ मेगावाटको लिखु ए आयाजनाको जोखिम मूल्याँकन गर्ने छ । दुबै आयोजना विभिन्न बैंकको सहवित्तीयकरणमा निर्माण हुने भएको छ । लिखु ए मा लक्ष्मी बैंक र एनएमबी बैंकको नेतृत्वमा लगानी हुने छ । मूल्याँकन पछि एचआईडीसीएलले दुबै आयोजनामा लगानी गर्न सक्ने छ ।

द्वैमासिक ईपेपर

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
बबरमहल, काठमाडौं
फोन: ९७७-१-४२५७०२४, ४२५७०२५ फ्याक्स:+९७७-१-४२६१०६० इमेल: info@hidcl.org.np URL:www.hidcl.org.np